# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## हनुमाननगर कंकालीनि नगरपालिका,
## सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः२०७७।७८

च. नं. २७७ मितिः २०७८।५।४

**बिषयः लेखापरीक्षण प्रतिबेदन।**

श्री प्रमुख ज्यू,
हनुमाननगर कंकालिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरीएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः२०७७।८८
च.नं.: २७८ मितिः२०७८।५।४

श्री प्रमुख ज्यू,
हनुमाननगर कंकालिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## कैफियत सहितको राय

हामीले हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २८ (अट्ठाईस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु ४ करोड ९ लाख २२ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु ३५ लाख ८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ६० लाख ७१ हजार नियमित गर्नुपर्ने रु. १ करोड ३७ लाख २८ हजार पेश्की बाँकी रु ७६ लाख १५ हजार रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नेत्र कुमार खत्रा)
नायब महालेखापरीक्षक

# हनुमाननगर कंकालिनी नगरपालिका, ससरी
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

ब उ शि नं  बिभिन्न        कार्यालयको नामः **हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनपुर, ससरी।**        आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस हनुमाननगर कंकालिनी नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, ११८.६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४६ हजार जनसंख्या रहेको छ। | |
| | **ले.प.को क्रममा असूलीः** सामाजिक सुरक्षा भत्ता वितरणको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको रु.७,९४०.०० लेखापरीक्षण बाट औल्याए पछि मिति २०७७।११।०४ मा रा. वा. बैक को भौचर बाट नगदै दाखिला एवम् रु.१६५७५२६.०० प्रारम्भिक प्रतिवेदन पठाए पछि असुल भएको छ। | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। पालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ। | |

**हनुमाननगर कंकालीनी नगरपालिका, ससरी**

**आर्थिक विवरण**

**२०७६/७७**

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| आय विवरण | यस वर्षको यथार्थ आय रु. | व्यय शिर्षक | यस वर्षको यथार्थ व्यय रु. |
| **गत वर्षको जिम्मेवारी** | | | |
| बैक | ८२८८६०४३.४१ | गत आव को जिम्मेवारी बाट खर्च | ४९८७५३७६.०० |
| **आन्तरिक आय** | १११९१६७.९८ | **आन्तरिक आयतर्फ खर्च** | २७८२२३२७.०० |
| धरौटी | १७८५८३८.०० | धरौटी | ० |
| **राजश्व बाँडफाँड** | **०** | **राजश्व बाँडफाँड** | ० |
| संघीय सरकार | ६७२१६०११.०० | संघीय सरकार | ८८२६१७९८.५० |
| प्रदेश सरकार | ४६०००००.०० | प्रदेश सरकार | ६८९४४०४.०० |
| **समानिकरण अनुदान** | ० | **समानिकरण अनुदान** | ० |
| संघीय सरकार | १३९४०००००.०० | संघीय सरकार | ११४३७८२९३.०० |
| प्रदेश सरकार | ७५७१०००.०० | प्रदेश सरकार | ६४३१३५०.०० |
| **सर्शत अनुदान** | **०** | **सर्शत अनुदान** | ० |
| संघीय सरकार | २१५३३००००.१२ | संघीय सरकार | १७०३०८५५०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार सशर्त | १००००००००.०० | प्रदेश सरकार सशर्त | ८१४४२०९.०० |
| **विशेष अनुदान** | ० | **विशेष अनुदान** | ० |
| संघीय सरकार | ०.०० | संघीय सरकार | ० |
| प्रदेश सरकार | ३००००००.०० | प्रदेश सरकार | २९९८३४५.०० |
| **समपुरक अनुदान** | ० | **समपुरक अनुदान** | ० |
| संघीय सरकार | १२००००००.०० | संघीय सरकार | ६९०००००.०० |
| प्रदेश सरकार | ०.०० | प्रदेश सरकार | ०.०० |
| **अन्य निकायबाट अनुदान** | **०** | **अन्य निकायबाट अनुदान** | ० |
| सामाजिक सुरक्षा | १०७२३०८००.०० | सामाजिक सुरक्षा | १०७२३०८००.०० |
| बहुक्षेत्रिय पोषण | ७८४०००.०० | बहुक्षेत्रिय पोषण | ७८४०००.०० |
| युनिसेफ नेपाल | ६७२८३.०० | युनिसेफ नेपाल | ६७२८३.०० |
| स्थानीय पूर्वाधार विकास साझेदार | ११०२८३८७.०० | स्थानीय पूर्वाधार विकास साझेदार | ११०२८३८७.०० |
| राष्ट्रिय परिचयपत्र | ८६३०००.०० | राष्ट्रिय परिचयपत्र | ८६३०००.०० |
| राष्ट्रिय परिचयपत्र | २०६०००.०० | राष्ट्रिय परिचयपत्र | २०६०००.०० |
| गरिबसँग विशेश्वर कार्यक्रम | ४९५०००.०० | गरिबसँग विशेश्वर कार्यक्रम | ४९५०००.०० |
| सडक बोर्ड नेपाल | २१९९९७४.०० | सडक बोर्ड नेपाल | २१९९९७४.०० |
| **सामाजिक विकास मन्त्रालय** | ० | **सामाजिक विकास मन्त्रालय** | ० |
| संघ | ३१४२१६५.०० | संघ | ३१४२१६५.०० |
| प्रदेश | ३००९८१४८.०० | प्रदेश | ३००९८१४८.०० |
| **आन्तरिक राजश्व** | ८५१६२३३.८५ | **आन्तरिक राजश्व** | २१९५४११.०० |
| **प्रकोप व्यवस्थापन कोष** | ३७९७५७४९.०० | **प्रकोप व्यवस्थापन कोष** | २६०९१५४६.०० |
| **धरौटी खाता** | ४२८०८०४.०० | **धरौटी फिर्ता** | १०५६५५६.०० |
| **संचित कोष** | १०९११४०.४५ | **अन्तिम मौज्दात** | ० |
| | ० | बैक मौज्दात | ८०४०३७३६.३१ |
| | ० | नगद मौज्दात | ० |
| | **०** | धरौटी खातामा मौज्दात | ५०१००८६.०० |
| **कुल जम्मा** | **७५२,८८६,७४४.८१** | **कुल जम्मा** | **७५२,८८६,७४४.८१** |

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को आंशिक मात्र प्रयोग गरेको छ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| २. | **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८,२८,८६०४३.४१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.८,४६,७१,८८१.४१ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७,८५,८३८.०० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | १७,८५,८३८.०० |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• स्थानिय सरकार संचालन ऐन,२०७४ बमोजिम प्रत्येक वर्ष आषाढ १० गते भित्र बजेट पेश गर्नुपर्नेमा आषाढ २७ मा मात्र बजेट पेश गरेको छ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ३३ र प्रशासनिकतर्फ ३४ समेत ६७ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः २४ र ९ समेत ३३ पदपूर्ती भएकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१०४५७१५४७.०० खर्च लेखेको पाईयो।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ ऐन, ४ नियमावली, ५ कार्यविधि १ नर्म्स समेत १२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **भवन नक्सा पास**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ। नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो।निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ। | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप प्रमुख श्री सरिता देवी यादव सिपालिया ले २०७६।३।२७ गते रु.५५ करोड ६५ लाख ०१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष रु.३५ लाख अबण्डा राखेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको कुनै निर्णय बेगर पुजीगततर्फ विभिन्न शीर्षकमा रु.३५ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णय बेगर खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| ७. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | ६ वटा | २३३३८३ | १६०१ | ७८०५ | २२३९७७ | |
| | **कूल खर्चः** | **२३३३८३** | **१६०१** | **७८०५** | **२२३९७७** | |
| | खर्च प्रतिशत | १०० | ०.६९ | ३.३४ | ९५.९७ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| | | | (रु.हजारमा) |
|---|---|---|---|
| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
| आर्थिक विकास | १७१२७ | १५०३१ | ८७.७६ |
| सामाजिक क्षेत्र | २५४६५७ | २१९६६० | ८६.२६ |
| पूर्वाधार विकास क्षेत्र | १६४९०२ | १११०९० | ६७.३७ |
| वित्तीय व्यवस्थापन र सुशासन | ६९५६८ | ५४४२४ | ७८.२३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०२९७० | ८४००५ | ८१.५८ |
| **जम्मा** | **६०९२२४** | **४८४२१०** | **७८.४७** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | |
| ८.१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.८५,१६,२३३.५८ राजस्व बाँडफाँड र अनुदानबाट रु.६४,५१,४१,२८४.८२ समेत रु. आम्दानी भएकोमा चालु तर्फ रु.४३,२७,३०,२२६.५० र पूँजिगत तर्फ रु. २३,३३,८३,०००.०० र समेत रु.६६,६१,१३,२२६.५० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु.२६४४३००.०० खर्च भएको छ जुन आन्तरिक आयको ३१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.२० प्रतिशत चालु र ३५.७० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ९. | **कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८७ जना कर्मचारीहरु करारमा राखी रु.२,२३,९२,९१६.०० खर्च लेखेको छ। | |
| १०. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको ३० गरी कुल ५० विवाद दर्ता भएकोमा ३१ वटा मात्र फछ्र्यौट भई १९ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| ११. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.९८,०७,२४८.०० खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १२. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभन्न व्यक्ति एवं संघ संस्थालाई रु.१०,६८,३६०.०० आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| १३. | **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष ठेक्का बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ९ व्यवसायिबाट रु.२०,२६,१९२.०० असुल गर्ने बाँकी रहेको छ। | |

| सि नं | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | मोहली देवी मुखिया | खड्गा पोखरी | ३५५०००.०० | ११८४४५.०० | २३६५५५.०० |
| २ | असर्फी साफी | असर्फी साफी | ५५००००.०० | १८३३५०.०० | ३६६६५०.०० |
| ३ | राम कुमारी देवी | सिपलीया पोखरी | ४२५०००.०० | २०१७२३.०० | २२३२७७.०० |
| ४ | तेज नारायण सिपलिया | योगिनीमाई पोखरी | ७५५३०१.०० | ४००९२३.०० | ३५४३७८.०० |
| ५ | रणविर कुमार मुखिया | दैता पोखरी | ४०००००.०० | १२००००.०० | २८००००.०० |
| ६ | ननकेशर मलाह | बैष्णो देवी पोखरी | ४११०००.०० | १३७०००.०० | २७४०००.०० |
| ७ | मो.ईद्रिस अंसारी | लिठा पोखरी | १३५०००.०० | ९००००.०० | ४५०००.०० |
| ८ | शिव नारायण मण्डल | पुरानो पोखरी | २७१५०१.०० | ९०५००.०० | १८१००१.०० |
| ९ | देव लाल मल्लाह | पुरनी पोखरी | १९५९९५.०० | १३०६६४.०० | ६५३३१.०० |
| | | जम्मा | ३,४९८,७९७.०० | १,४७२,६०५.०० | २,०२६,१९२.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | २०,२६,१९२.०० |
| १४. | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा शिर्षगत रुपमा अनुमान नगरी एकमुष्ठ आन्तरिक राजश्व भनि रु.१६०००००.०० अनुमान गरेकोमा रु.८५१६२३३.५८ असूली गरेको छ। शिर्षगत वाईज अनुमान तथा असुली उल्लेख गरी राजश्व असुली प्रकृया अझै पारदर्शी बनाईनु पर्दछ।आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ। | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td rowspan="4">१६००००००.००</td><td rowspan="4">८५१६२३३.५८</td><td rowspan="4">५३.२२</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td></tr>
<tr><td>व्यवसाय कर</td></tr>
<tr><td>वहाल बिरौटी शुल्क</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td>• आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>१५.</td><td>नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ५५२,०७३.०० समेत रु.४७,९८,७८७.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गो भौ नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td><u>कोरोना तर्फः</u><br>३-०७७/१/१०</td><td>जय माँ कालि डिस्ट्रिव्यूर्टस</td><td>६०१२५६३९६</td><td>४४०६६४.००</td><td>५७२८७.००</td></tr>
<tr><td>८-०७७/१/१४</td><td>शिभम ट्रेडिङ्ग</td><td>६०४७७५३६४</td><td>२०८५००.००</td><td>२७१०५.००</td></tr>
<tr><td>५४-०७७/३/३१</td><td>देव एण्ड सन्स</td><td>६०८४९६४२७</td><td>४४१५००.००</td><td>५७३९५.००</td></tr>
<tr><td>५५-०७७/३/३१</td><td>जय माँ काली डिस्ट्रिव्यूर्टस</td><td>६०१२५६३९६</td><td>४४१९००.००</td><td>५७४४७.००</td></tr>
<tr><td>५७-०७७/३/३१</td><td>जय माँ छिन्नमस्ता</td><td>६०८४९६५३३</td><td>४४२०००.००</td><td>५७४६०.००</td></tr>
<tr><td>६८-०७७/३/३१</td><td>शिभम ट्रेडिङ्ग</td><td>६०४७७५३६४</td><td>४४१२५०.००</td><td>५७३६२.००</td></tr>
<tr><td><u>स्वास्थ्य चालुः</u><br>१५-०७७/३/२४</td><td>गायत्री औषधी सप्लायर्स</td><td>६०८९४५३१८</td><td>५०७९००.००</td><td>६६०२७.००</td></tr>
<tr><td><u>न.पा. चालुः</u><br>२७९-०७६/११/१</td><td>दिपक ट्रेर्डस</td><td>६००३४९१६७</td><td>४४१३००.००</td><td>५७३६९.००</td></tr>
<tr><td>५३०-०७७/३/३१</td><td>आईकन एक्सपोर्ट</td><td>६०१८८५४८०</td><td>४४०७००.००</td><td>५७२९१.००</td></tr>
<tr><td>५४४-०७७/३/३१</td><td>दिपक ट्रेर्डस</td><td>६००३४९१६७</td><td>४४१०००.००</td><td>५७३३०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४,२४६,७१४.००</td><td>५५२,०७३.००</td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>५,५२,०७३.००</td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>१६.</td><td>उपभोक्ता समितिमार्फत निर्माण कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुऱ्याउनुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः</td><td></td></tr>
<tr><td>१७.</td><td>उपभोक्ता समिति दर्ताः संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन। कार्यालयले यस वर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | **उपभोक्तासँग सम्झौताः**- सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ। निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ। पालीकाले उपभोक्ता समितिसँगको योजनाको बिल भरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, पालीकाको बजेट तथा उपभोक्ता समितिको जनश्रमदान को बारेमा उल्लेख नगरी केबल बिलभरपाईहरु संलग्न गरि खर्च लेखेको छ। जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन। | |
| १९. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाईः**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। पालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |
| २०. | **आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समिति मार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ। | |
| २१. | **कामको गुणस्तर एवं स्थलगत निरीक्षणः**- नगरपालिकाले यसवर्ष अधिकांस निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७८(३) अनुसार नगरपालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार नगरपालिकाले के कति योजनाहरु अनुगमन गर्यो सोको विस्तृत विवरण तयार गरेको देखिएन। यस नगरपालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कल्भट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ। अनुगमन प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन। अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ । | |
| २२. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४-०७७/३/८ | पोर्ताहा खोला पुल निर्माण उ.स. | पुल निर्माण | ३५९९७०३.०० |
| २२२-०७७/३/३१ | विजुली तार पोल जडान उ.स. | ग्रामीण विद्युतिकरण | ११९६९८८.०० |
| | | जम्मा | ४,७९६,६९१.०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२३. **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| २५ शैय्याको अस्पताल ड्रईङ्ग | ईम्प्याक्ट ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १९९९८७४.०० | १९९४४५०.०० |
| न.पा. प्रशासनिय भवनको डि.पि.आर | मुन एण्ड अन्जली ईन्जिनियरिङ कन्सल्टेन्सी | १७९१०५०.०० | १७९१०५०.०० |
| बाडमिन्टन हल र आ.वि.को आर्किटेक डिजाईन | शिभांश ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ४९३८१०.०० | ४९३८१०.०० |
| | जम्मा | ४,२८४,७३४.०० | ४,२७९,३१०.०० |

डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।

२४. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३० वटा | १४३ | १३६ | ४१ | |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

२५. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले सूचना प्रकाशन गरी रु.३९,८९,२५६.०० का औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

२५.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| २५.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २६. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.४६९२९९.०० खर्च गरेका छन्। | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| २७. | **सामाजिक सुरक्षातर्फ-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस पालिकाले आ व २०७६।७७ मा केन्द्रिकृत सूचना प्रणालीमा **(MIS)** अधावधिक गरेको छैन र बैक मार्फत भत्ता वितरण नगरी हातले नै वितरण गरेको साथै एकाघरका परीवार सदस्यले हस्ते सहिछाप गरी रकम वुझेको पाइयो । | |
| २७.१. | **वाकी रकम फिर्ता दाखिला गर्नु पर्ने** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३३ अनुसार आर्थिक वर्ष भित्र खर्च नभई वाकि रहेको रकम साल तमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडी सम्वन्धि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा नगर पालिकाले सामाजिक सुरक्षा तर्फको वाकि रकम को ले नि का खातामा दाखिला गर्नु पर्नेमा केहि वडा कार्यालयको तर्फवाट नगर पालिकाको खातामा दखिला गरेको पाईएकोले उक्त रकम को ले नि का खातामा दाखिला गर्नु पर्ने रु | १,६३,८००.०० |
| | **विपद् व्यवस्थापन** | |
| २८. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पाइएन। ऐनमा तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>२९.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>विपद् व्यवस्थापन कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोष खडा नगरी सो को लागि साल बसाली रुपमा बजेट विनियोजन गरी खर्च गरेको देखियो।आर्थिक वर्ष ०७६/७७ मा रु.४२३८१६०.०० बजेट व्यवस्था गरी रु.१४४७६२८.०० खर्च गरेको छ। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३१.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>३२.१.</td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• स्थानीय पूर्वाधारः</td><td></td></tr>
<tr><td>३३.</td><td>कन्टीन्जेन्सी खर्चः दुखनी देवी धर्मशाला जिर्णोद्वार समितिको अन्तिम रनिङ बील अनुसार रु.४४४५२१५.०० भुक्तानी खर्च लेख्नुपर्नेमा कन्टीजेन्सीबाट देहायअनुसार खरिद गरेको भनि रु.४७७१४४७.०० बजेट खर्च लेखी रु.३२६२३२.०० बढी खर्च लेखेको मध्ये रु.४८२२.०० करकट्टी गरी रु.३२१४१०.०० खुद खर्च लेखेको देखियो।कन्टीन्जेन्सी खर्चलाई पुष्टी गर्ने बीलभरपाई पेश नभएकोले असुल हुनुपर्ने रु.
<table>
<tr><th>खर्च जनाएको आपूर्तकको नाम</th><th>खर्च लेखेको रकम</th></tr>
<tr><td>आयुष ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१३३५७०.००</td></tr>
</table></td><td>३,२१,४१०.००</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| जय माँ काली ट्रेडर्स एण्ड सप्लायर्स | १८७८४०.०० |
| **जम्मा** | **३२१,४१०.००** |

३४. **अग्रिम आयकरः** आयकर ऐन,२०५८ को दफा ८१(३)क मा उपभोक्ता समितिलाई ५० लाख भन्दा बढी भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा देहायका उपभोक्ता समितलाई भुक्तानी दिंदा अग्रिम करबापत रु.१०१,८१७.०० कट्टा गरेको नपाईएकोले असुल गरी दाखिला हुनुपर्ने रु. — **बेरुजू रकम: १,०१,८१७.००**

| भौ.नं. र मिति | काम | उ.स.को नाम | भुक्तानी रकम | कर |
|---|---|---|---|---|
| १-०७६/१२/६ | दुखनी देवी धर्मशाला निर्माण | उ.स.वार्ड नं.७ | ३३२०४९३.०० | ४९८०७.०० |
| २-०७६/३/८ | दुखनी देवी धर्मशाला निर्माण | उ.स.वार्ड नं.७ | ३४६७३७६.०० | ५२०१०.०० |
| | | **जम्मा** | **६,७८७,८६९.००** | **१०१,८१७.००** |

३५. **बिल भरपाई वेगर खर्चः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा भुक्तानी दिँदा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। तपशिल बमोजिम बिल भरपाई वेगर खर्च लेखेकोले सम्बन्धित बाट असुल हुनुपर्ने रु. — **बेरुजू रकम: २१,५००.००**

| भौ.नं. र मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| **न.पा.पूँजिगत**<br>४५-०७६/११/१६ | श्रीलाल को घरदेखी किसनुयादवको घरसम्म आर.सि.सि. | ल्याब टेस्ट | १५००.०० |
| ५७-०७६/१२/६ | विद्यानन्द रामको घरदेखि साइफन सम्म सडक ढलान | ल्याब टेस्ट | १००००.०० |
| १२६-०७७/२/११ | रामघरदेखी देव रघुनाथ घरसम्म पि.पि.सि.ढलान उ.स. | ल्याब टेस्ट | १००००.०० |
| | | **जम्मा** | **२१,५००.००** |

३६. **स्रेस्ता पेश नभएकोः** लेखापरीक्षणको लागि सम्पूर्ण कारोबारको लेखा पेश हुनुपर्दछ। तर नगरपालिकाले देहायका गोश्वारा भौचर तथा मितिबाट कारोबार गरेको गोश्वारा भौचर तथा स्रेस्ता पेश नभएकोले लेखापरिक्षण नभएको रु. — **बेरुजू रकम: १,९९७,१६९.००**

| भौ.नं. र मिति | कारोबारको व्यहोरा | रकम |
|---|---|---|
| **न.पा.चालु**<br>४-०७६/६/९ | कट्टी रकम दाखिला | ४१७४६८.३८ |
| ६-०७६/६/९ | कट्टी रकम दाखिला | १२७०१८.८१ |
| २२-०७६/६/१७ | ज्याला रकम भुक्तानी | ५६४००.०० |
| ८९-०७६/७/२६ | ज्याला रकम भुक्तानी | १५००००.०० |
| ३४५-०७६/१२/०६ | कार्यालय संचालनबापत खर्च | १९९६५८.०० |
| ३८३-०७६/१२/०९ | तलब भत्ता भुक्तानी | ४१९८९.०० |
| ३९१-०७७/२/११ | ज्याला रकम भुक्तानी | २५२४५.०० |
| ४३३-०७७/२/२७ | पदाधिकारी सुविधा रकम भुक्तानी | ३१३४०.०० |
| ४३५-०७७/२/२७ | पदाधिकारी सुविधा रकम भुक्तानी | ३१३४०.०० |
| ४६७-०७७/३/२१ | आर्थिक सहयोग बापतको रकम भुक्तानी | ९५०००.०० |
| ५३७-०७७/३/३१ | पेश्की फछ्र्यौट | ७००००.०० |
| **संघीय सशर्त चालु**<br>१३८-०७७/३/३१ | कर कट्टी रकम | ११५८८६.८१ |
| १४१-०७७/३/३१ | भरपाई अनुसार रकम भुक्तानी | १८६२७.०० |
| १४२-०७७/३/३१ | नाईट भत्ता वितरण | ७२९००.०० |
| १६२-०७७/३/३१ | पेश्की फछ्र्यौट | ५००००.०० |
| १६७-०७७/३/३१ | छुट ग्रेड भुक्तानी | १३८८०.०० |
| १६९-०७७/३/३१ | मसलन्द खर्च | १८२५०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| **स्वास्थ्य चालु तर्फः**<br>८-०७७/३/२७ | करकट्टी दाखिला | ६६६६.०० |
| १६-०७७/३/२७ | " " | ४६९५०.०० |
| १७-०७७/३/२७ | " " | ३३९५०.०० |
